१४

# मण्डलीको ईश्वरीय नामहरू

नयाँ करारलाई सावधानीपूर्वक अध्ययन गरेमा मण्डली एउटा विशेष जीवित शरीर हुनलाई सृष्टि गरिएको थियो भन्ने कुरा प्रकट हुँदछ। यसलाई, त्यसैकारण, प्रेरणा प्राप्त लेखकहरूद्वारा विशेष प्रकारले उल्लेख गरिएको छ । यी प्रसंगहरूलाई तीन भागहरूमा बाँड्न सकिन्छ । तिनीहरूलाई विलक्षण अर्थकासाथ, काम, अधिनता, र सम्बन्ध वर्णन गर्न प्रयोग गरिएको छ। तिनीहरू ईश्वरीय निर्देशनद्वारा तथा ईश्वरीय उद्देश्य पूरा गर्न दिइएको थियो ।

मण्डलीलाई उल्लेख गर्न पवित्र आत्माले प्रयोग गर्नुभएको शब्दहरूलाई उदाहरणहरूको[1]रुपमा मात्र सोच्नु हुँदैन । नयाँ करारले ख्रीष्टका विश्वासयोग्य अनुयायीहरूलाई उहाँको "मण्डली", उहाँको "शरीर" र उहाँको "राज्य" भनेको छ । यी ईश्वरीय नामहरूले[2] जसलाई प्रभुले स्थापना गर्नुभएको थियो त्यो मण्डलीलाई परिचित गराउँदछ, चित्रण गर्दछ र वर्णन गर्दछ। तिनीहरूलाई सावधानीपूर्वक ध्यान दिनुहोस् ।

## कर्तव्यका नामहरू

नयाँ करारमा मण्डलीलाई दिइएका केही नामहरू मण्डलीले एउटा शरीरको, एउटा जीवित वस्तुकोरुपमा गर्ने कामसँग सम्बन्धित छ। यी नामहरूले प्रभुको मण्डलीको उद्देश्य, अभिप्राय, र कार्य के हो

---

[1]नयाँ करारमा अक्सर गरेर मण्डलीलाई उदाहरणको निम्ति, एउटा भेडा गोठ (यूहन्ना १०:१), एउटा दाखबारी (मत्ती २०:१), अथवा एउटा बहुमूल्य मोती (मत्ती १३:४५, ४६) कोरुपमा व्याख्या गरिएको छ । त्यस्ता चित्रणहरूले हामीलाई मण्डलीलाई अझ राम्ररी बुझ्न सहायता गर्दछ, तर तिनीहरू दृष्टान्तहरू मात्र हुन्, मण्डलीलाई चिन्ने तरिका होइनन् ।

[2]"नामहरू" जसरी यहाँ प्रयोग गरिएको छ, त्यसअनुसार ती मण्डलीलाई उल्लेख गर्ने बाइबलिय तरिकाहरू हुन् ।

भन्ने कुराहरू प्रकाशित गर्दछन् ।

खीष्टले जे स्थापित गर्नुभएको थियो त्यसलाई सामान्यरुपमा "मण्डली" भनी उल्लेख गरिएको छ (कलस्सी १:१८, २४) । यस शब्दको अर्थ "प्रभुका चेला भएका मानिसहरूको सभा" हुन्छ । यी मानिसहरूलाई एउटा भेलाभएको अर्थमा (१ कोरिन्थी ११:१८), एक स्थानीय अर्थमा (१ कोरिन्थी १:२), एक क्षेत्रिय अर्थमा (१ कोरिन्थी १६:१) र एउटा विश्वव्यापी अर्थमा (एफिसी ५:२३) उल्लेख गरिएको छ । यी नामहरूले खीष्टले के स्थापित गर्नुभएको थियो भन्ने कुराको आधारभूत अर्थ घोषणा गर्दछन्–उहाँको रगतद्वारा उध्दार पाएका मानिसहरूको एउटा समूह जो उहाँको निम्ति जिउँछन्, उहाँलाई आराधना गर्दछन् र उहाँको काम गर्दछन् ।

मण्डलीका प्रत्येक सदस्यहरू "खीष्टियान" भनिएका छन्, किनभने उनीहरू खीष्ट जस्तै हुने प्रयत्न गर्दछन् । (खीष्टियान शब्दको अर्थ "खीष्ट जस्तै" अथवा "एउटा खीष्टको अनुयायी" हुन्छ ।) चेलाहरूलाई खीष्टियान नाम पहिले एन्टिओखियामा दिइएको थियो (प्रेरित ११:२६) । यो नाम दिइएको परिस्थिति अस्पष्ट छ, तर हामी परमेश्वरले यो आफ्ना मानिसहरूका निम्ति रोज्नुभएको थियो भन्नेमा ढुक्क हुन सक्दछौं । नामकोरुपमा, यो नयाँ करारमा तीन पल्ट उल्लेख गरिएको पाइन्छ (प्रेरित ११:२६, २६:२८, १ पत्रुस ४:१६) ।

बाइबलले मण्डलीका सदस्यहरूलाई "सन्तहरू" कोरुपमा पनि उल्लेख गरेको छ, तिनीहरूको जो शुध्द पारिएका हुन्छन् । यी व्यक्तिहरू जो परमेश्वरबाट चुनिएकाहरूकोरुपमा अलग गरिएका हुन्छन् । पावलले एफिसीहरूलाई यसो भन्दै सम्बोधन गरेका छन्, "परमेश्वरको इच्छाद्वारा खीष्ट येशूको प्रेरित पावलबाट, खीष्ट येशूमा विश्वासी एफिससमा भएका सन्तहरूलाई" (एफिसी १:१) । बाइबलको किङ्ग जेम्स अनुवादले तीतस २:१४ मा "अनौठा मानिसहरू" भनेको छ । "पवित्र" अथवा "सन्तको" आधारभूत अर्थ "परमेश्वरका निम्ति छुट्याइएका" हो । परमेश्वरको मण्डली "परमेश्वरका निजी मानिसहरू", पवित्र मानिसहरू, परमेश्वरका निम्ति अलग गरिएका मानिसहरू हुन् । खीष्टियानहरू एउटा पवित्र बोलावटद्वारा बोलाइएका हुन्छन् (२ तिमोथी १:९), उनीहरूले पवित्रता र भक्तिको जीवन जिउनु पर्दछ (२ पत्रुस ३:११), उनीहरूले अन्त्यको दिनमा उहाँकोअघि "पवित्र, निष्खोट र निर्दोष"रुपमा प्रस्तुत हुने चाहना गर्नुपर्दछ (कलस्सी १:२२) ।

केही बाइबल अनुवादहरूको मत्ती, मर्कूस, लूका र यूहन्नाको शीर्षकमा "सन्त" भनिएको छ र प्रकाशलाई "ईश्वरीय सन्त यूहन्नालाईभएको प्रकाश" भनी शीर्षक दिइएको छ। यो नयाँ करारका पुस्तकहरूको शीर्षक मानिसहरूबाट दिइएको हो, परमेश्वरबाट होइन। नयाँ करारले ख्रीष्टमा भएका प्रत्येकलाई "सन्त" भनेको छ। यहाँसम्म कि मण्डलीलाई "सन्तहरूको मण्डलीहरू" भनेर पनि उल्लेख गरिएको छ (१ कोरिन्थी १४:३३)। जब तिनीहरू ख्रीष्टियान हुन्छन् मानिसहरू परमेश्वरका निम्ति अलग गरिएका हुन्छन्।

त्यसमा थप, मण्डलीलाई ख्रीष्टको "शरीरको"रुपमा पनि उल्लेख गरिएको छ (एफिसी १:२२, २३)। यो शब्द कहिलेकाहीँ मण्डली काममा कस्तो हुनुपर्दछ भनी प्रकाश पार्न (१ कोरिन्थी १२:१२-२७) र कहिलेकाहीँ एउटा परिचयात्मक शब्दकोरुपमा, वास्तवमा मण्डली के हो भनी संकेत गर्न प्रयोगभएको छ। जब नामकोरुपमा प्रयोग गरिएको छ, त्यो वाक्यांश "ख्रीष्टको शरीर" ले कामको साथसाथै मण्डलीको सम्बन्धलाई पनि जोड दिएको छः मण्डली पृथ्वीमाभएको ख्रीष्टको आत्मिक शरीर हो, र जसरी एउटा शरीर शिरसँग जोडिएको हुन्छ त्यो ख्रीष्टसँग जोडिएको छ। ख्रीष्टको यो आत्मिक शरीरमा, प्रत्येक ख्रीष्टियानहरूले शरीरको "अंगहरूको"रुपमा काम गर्नुपर्दछ भनिएको छ, प्रत्येक ख्रीष्टियानले त्यसको अंग भएर र शरीरको भागकोरुपमा काम गर्नुपर्दछ। पावलले कोरिन्थमाभएको मण्डलीलाई लेखेका थिए, "तिमीहरू ख्रीष्टका शरीर हौ, र हरेक त्यसका अंगहरू हौं" (१ कोरिन्थी १२:२७)।

मण्डलीलाई "राज्यको"रुपमा पनि उल्लेख गरिएको छ (प्रेरित ८:१२)। कहिलेकाहीँ "स्वर्गको राज्य" भन्ने भाव प्रकटभएको छ (मत्ती १६:१८, १९), र कहिलेकाहीँ यसलाई "परमेश्वरको राज्य" पनि भनिएको छ (यूहन्ना ३:३)। दुवै वाक्यांशले मण्डली/राज्यको आत्मिक स्वभावको प्रभुत्व र शासनलाई झल्काउँदछ (यूहन्ना १८:३६)। मण्डली ख्रीष्टका चेलाहरूको समूह हो जसले पृथ्वीमा आफूलाई परमेश्वरको अधिनमा सुम्पेका हुन्छन्। ख्रीष्ट राजा हुनुहुन्छ र अहिले उहाँको राज्य, मण्डलीमाथि शासन गरिरहनुभएको छ (१ कोरिन्थी १५:२४, २५)। त्यसको फलस्वरुप, मण्डलीको ईश्वरीय प्रमुख, अथवा राजा हुनुहुन्छ र यो ईश्वरीय अख्तियारद्वारा शासित छ। मण्डलीका सदस्यहरू राजा येशूको अधिकारअघि झुक्दछन् र उहाँको आत्मिक राज्यका "नागरिकका"रुपमा जीवन बिताउँदछन् (फिलिप्पी ३:२०), यद्यपी

उनीहरू पृथ्वीमा बसोबास गरिरहेका हुन्छन् ।

तिनीहरू जो परमेश्वरको राज्यका अंग हुन्छन् तिनीहरूलाई त्यसै गरी स्वर्गको राज्यको "नागरिकहरू" भनेर पनि वर्णन गरिएको छ (मत्ती १६:१८, १९) । पावलले भनेका छन्, "तर हाम्रो नागरिकता स्वर्गमा छ, त्यहाँबाट आउनु हुने मुक्तिदाता, अर्थात प्रभु येशू ख्रीष्टको प्रतिक्षा हामी गर्दछौं" (फिलिप्पी ३:२०) । उनले यो पनि लेखेका छन्, "यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरका परिवारका सदस्यहरू भएका छौ । यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माणभएको छ र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुनेढुङ्गो हुनुहुन्छ" (एफिसी २:१९, २०) । ख्रीष्ट हाम्रो (१ कोरिन्थी १५:२४, २५), र जो मात्र उहाँको राज्यमा ख्रीष्टको शासन अन्तर्गत बस्दछन् (मत्ती ७:२१) तिनीहरूको राजा हुनुहुन्छ ।

ख्रीष्टियानहरू त्यो अनन्त राज्यको नागरिक हुन्छन् जसकोबारेमा पुरानो करारमा दानिएलले भनेका थिए (दानिएल २:४४) । हिब्रूका लेखकले यसलाई एउटा "हल्लाउन नसकिने" राज्य भनी वर्णन गरेका छन्: "यसकारण, हल्लाउन नसकिने राज्य पाएकोमा हामी कृतज्ञ होऔं, ..." (हिब्रू १२:२८) । जब अर्कोपल्ट तपाईले आफूलाई आजको एक हजार वर्षपछि तपाई कहाँ हुनुहुनेछ भनी सोध्नुहुन्छ र यदि तपाई एक ख्रीष्टियान हुनुहुन्छ भने, तपाईले स्वयम्लाई भन्न सक्नुहुनेछ, "म अनन्त राज्यमा हुनेछु !" परमेश्वरको राज्य आज यहाँ हुने र भोली बितेर जाने होइन–यो त अनन्त राज्य हो ।

## स्वामित्वका नामहरू

नयाँ करारमा तीन तरिकाले परमेश्वर र ख्रीष्टसँगको मण्डलीको सम्बन्धलाई स्वामित्व जस्तो सम्बन्धकोरुपमा जोड दिँदै उल्लेख गरिएको छ । यी वाक्यहरूले स्वामित्व र अगुवाईको संकेत गर्दछन् ।

पहिलो, मण्डलीलाई "ख्रीष्टको मण्डलीको"रुपमा उल्लेख गरिएको छ । पावलले उनको रोमीहरूलाई लेखेको पत्रको अन्त्यमा, उनले अखैयाका मण्डलीहरूबाट अभिवादन पठाएका छन्: "ख्रीष्टका सबै मण्डलीहरूले तिमीहरूलाई अभिवादन पठाएका छन्" (रोमी १६:१६ ख) । यो नामले मण्डलीको स्वामित्व र परिचयलाई महत्व दिएको छ ।

मण्डली ख्रीष्टको मण्डली हो किनभने ख्रीष्टले यसलाई स्थापित गर्नुभएको हो, यसलाई किन्नुभएको हो, यसको मालिक हुनुहुन्छ, र यसको शिरकोरुपमा काम गर्नुहुन्छ । जब कोही ख्रीष्टमा परिवर्तन हुन्छ, उ ख्रीष्टको हुन्छ (१ कोरिन्थी ६:२०) । उ यति पूर्णरुपमा ख्रीष्टसँगै परिचित हुन्छ कि उसलाई ख्रीष्टियान, ख्रीष्टको एउटा चेला भनिन्छ (प्रेरित ११:२६, २६:२८, १ पत्रुस ४:१६) । ख्रीष्टका चेलाहरूको विशेष भेलालाई, त्यसैले मण्डली कसको हो र को यसको भाग हो भनी देखाउन यसलाई ख्रीष्टको मण्डली भनिएको छ ।

दोस्रो, मण्डलीलाई "परमेश्वरको मण्डली" कोरुपमा पनि सम्वोधन गरिएको छ (१ कोरिन्थी १:२) । यदि नयाँ करारमा मण्डलीलाई ख्रीष्टको मण्डलीकोरुपमा उल्लेख गरिएको छ भने, हामीले यसलाई परमेश्वरको मण्डलीकोरुपमा पनि उल्लेख गरिने अपेक्षा गर्न सक्दछौं, किनभने येशूले भन्नुभएको छ, उहाँ र उहाँका पिता एउटै हुनुहुन्छ (यूहन्ना १०:३०) । संसारको जग बसाउनअघि नै परमेश्वरले मण्डलीको योजना बनाउनुभएको थियो (एफिसी ३:१०, ११) । उहाँले मण्डली तयार पार्न (मत्ती १६:१८) र उहाँको आफ्नै रगतले यसलाई किन्न (प्रेरित २०:२८) ख्रीष्टलाई यस संसारमा पठाउनुभएको थियो । जसरी परमेश्वर ख्रीष्टसँग क्रूसमा हुनुभएर संसारलाई आफूसँग मिलापमा ल्याउँदै हुनुहुन्थ्यो (२ कोरिन्थी ५:१९), त्यसैगरी परमेश्वरले ख्रीष्टसँगै भएर मण्डली स्थापना गर्नुभएको र किन्नुभएको थियो ।

तेस्रो, मण्डलीका सदस्यहरूलाई "दासहरू" अथवा "सेवकहरूको" रुपमा वर्णन गरिएको छ । जसले आफूलाई ख्रीष्टमा समर्पण गर्दछन् र उहाँको आज्ञापालन गर्दछन् तिनीहरू सेवकहरू हुन् । जब नयाँ करार लेखिँदै थियो, दास/मालिकको सम्बन्ध रोमी साम्राज्यको समाजको एउटा अंग थियो । एउटा दास पूर्णरुपमा उसको मालिकको अधिनमा हुन्थ्यो । उसको कुनै अधिकार हुँदैनथ्यो र कुनै सम्पत्ति हुँदैनथ्यो । यहाँसम्मकि उ स्वयम्को पनि मालिक हुँदैनथ्यो । यसमा कुनै आश्चर्य छैन यो शब्द र सम्बन्ध हाम्रो ख्रीष्ट प्रतिको समर्पण र उहाँको वचन अन्तर्गतको हाम्रो जीवनलाई प्रकाश पार्न प्रयोग गरिएको थियो । पावलले लेखेका छन्, "यदि मैले अझै मानिसहरूलाई खुशी पार्न कोशिश गरेको भए म ख्रीष्टको दास हुने थिइन" (गलाती १:१० ख, हेर्नुहोस्, फिलिप्पी १:१) । उनी अझ भन्दछन् "परमेश्वरको ज्ञानको विरुध्दमा खडा हुने बहसहरू र हरेक अहंकारपूर्ण बाधालाई हामी नाश

गर्छौं र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं" (२ कोरिन्थी १०:५) ।

ख्रीष्टियानहरू–जसले ख्रीष्ट उनीहरूको मालिक हुनुहुन्छ भन्ने दावा गर्दछन्–उनीहरू अब आफ्नै जीवनको मालिकहरू हुन सक्दैनन्। तिनीहरूले आफ्ना इच्छाहरूलाई "क्रूसमा टाँग्नै" पर्दछ । त्यसको अर्थ, उनीहरूले आफ्ना पापमय मानवीय इच्छाहरूलाई मार्नुपर्दछ र उनीहरूको जीवनमा परमेश्वरका आज्ञाहरूलाई पहिलो स्थानमा राख्नुपर्दछ। पावलले भनेका छन्, "हाम्रा प्रभु येशू ख्रीष्टको क्रूस बाहेक अरु कुनै पनि कुरा माथि घमण्ड गर्ने कुरा मदेखि दुर रहोस्, जसद्वारा मचाहिँ संसारको लेखि र संसार मेरो लेखि क्रूसमा झुण्ड्याइएको छ" (गलाती ६:१४) । उनले अझअघि भनेका छन्, "अबदेखि उसो कसैले मलाई कष्ट नदिओस्, किनभने म आफ्नो शरीरमा येशूका डामहरू धारण गर्दछु" (गलाती ६:१७) ।

## सम्बन्धका नामहरू

धेरै तरिकाहरूले जसद्वारा नयाँ करारमा मण्डलीलाई उल्लेख गरिएको छ त्यसले सम्बन्धको विचारलाई जोड दिएको छ। यो अपेक्षा गरिनु पर्दछ, किनभने प्रभुको मण्डलीको सदस्य हुँदा त्यसमा विभिन्न सम्बन्धहरू समावेश हुँदछन् ।

दास/मालिकको सम्बन्ध र शरीर/शिरको सम्बन्ध जसलाईअघि नै उल्लेख गरिएको छ, त्यसमा थप, "ख्रीष्टियान" शब्द स्वयम्ले पनि मण्डलीका सदस्यहरूको तिनीहरूका प्रभुसँगभएको सुन्दर नातालाई वर्णन गर्दछ। तिनीहरू उहाँका चेला हुन्छन्, तिनीहरू उहाँको निम्ति जिउँछन् र उहाँको नाम धारण गर्दछन् । पावल प्रेरितले उनको एक ख्रीष्टियान भइसकेपछिको धार्मिक जीवनलाई धेरै प्रख्यात शब्दहरूले वर्णन गरेका छन्, "किनभने मेरो निम्ति जिउनु ख्रीष्ट हो, र मर्नु लाभ हो" (फिलिप्पी १:२१)। ख्रीष्ट पावलको जीवनमा पहिलो स्थानमा मात्र हुनुहुन्थेन–ख्रीष्ट उनको जीवन हुनुहुन्थ्यो ! पावलको जीवनको सार र तत्व ख्रीष्ट हुनुहुन्थ्यो । उनी साँचोरुपमा एउटा ख्रीष्टियान भएका थिए ।

नयाँ करारले मण्डलीलाई "परमेश्वरको घरानाको"रुपमा पनि वर्णन गरेको छ । पावल ख्रीष्टियानहरूलाई "परमेश्वरको परिवार"

भनी भन्दछन् (एफिसी २:१९) । उनले तिमोथीलाई यसकारण यसो लेखेका छन् ताकि "परमेश्वरको घराना, जो जीवित परमेश्वरको मण्डली हो" तिनले त्यहाँ कसरी चल्नु पर्दछ सो जान्न सकेका हुन् (१ तिमोथी ३:१५) । कोही ख्रीष्टमा परिवर्तन हुँदाको समयमा, परमेश्वरले उनलाई उहाँको सन्तानकोरुपमा ग्रहण गर्नुहुन्छ, उनलाई परिवारका सुविधाहरू दिनुहुन्छ र उनलाई ख्रीष्टसँगै अनन्त जीवनको उत्तराधिकारी बनाउनु हुन्छ (रोमी ८:१५-१७, एफिसी १:५) । ख्रीष्टियानहरूसँग प्रार्थना गर्नको निम्ति स्वर्गीय पिता हुनुहुन्छ र प्रेमिलो मुक्तिदाता–एक ठूलो दाजु, येशू हुनुहुन्छ–उहाँद्वारा प्रार्थना गर्न । दाजुभाई तथा दिदीबहिनीहरूकोरुपमा, उनीहरूले एक-अर्कालाई प्रेम, सहयोग र उत्साहित गर्दछन् (प्रेरित २:४४) ।

मण्डलीहरूको सदस्यहरू "परमेश्वरका सन्तानहरूको"रुपमा उल्लेख गरिएका छन् । उनीहरूको परमेश्वरसँग विशेष सम्बन्ध हुन्छ, उहाँ तिनीहरूको पिता हुनुहुन्छ, र उनीहरू उहाँका सन्तान हुन्छन् । जब विश्वासीहरूले ख्रीष्टमा बप्तिष्मा लिन्छन् उनीहरू परमेश्वरको "सन्तानहरू" कोरुपमा ग्रहण गरिन्छन् (एफिसी १:५) । उहाँको सन्तानहरूकोरुपमा, ख्रीष्टियानहरूले अनन्त उत्तराधिकार (एफिसी १:११) र परमेश्वरको पृथ्वीको परिवारको बल र सहायता पाउँदछन् (१ तिमोथी ३:१५, एफिसी २:१९-२२) । यो आत्मिक, स्वर्गीय परिवारमा, परमेश्वर पिता हुनुहुन्छ (मत्ती ६:९), येशू ठूलो दाजु हुनुहुन्छ (रोमी ८:१७) र सबै ख्रीष्टियानहरू दाजु-भाईहरू र दिदीबहिनीहरू हुन्छन् (२ पत्रुस ३:१५, १ यूहन्ना २:८-११) ।

परमेश्वरसँग उहाँका सन्तानहरूका निम्ति विशेष प्रेम छ (१ यूहन्ना ३:१) । उहाँले तिनीहरूलाई शैतानबाट रक्षा गर्नुहुन्छ र तिनीहरूको दैनिक आवश्यकताहरू पूरा गर्नुहुन्छ । येशूले यदि एउटा संसारको पिताले आफ्नो सन्तानहरूलाई राम्रा उपहारहरू दिन्छन् भने, सर्वशक्तिमान् परमेश्वरका सन्तानहरूले–स्वर्गमा हुनुहुने सिध्द पितासँग–जब तिनीहरूले उहाँसँग माग्दछन् उनीहरूलाई त्यसभन्दा पनि धेरै सुन्दर थोकहरू दिनुहुनेछ भन्ने आशा गर्नु पर्दछ भन्नुभएको छ ! (हेर्नुहोस् मत्ती ७:११ ।)

शुरुका मण्डलीका सदस्यहरूले एक-अर्कालाई दाजुभाई दिदीबहिनी मात्र होइन, तर मित्रहरू पनि भन्ठान्ने गर्दथे (२ पत्रुस ३:१५, ३ यूहन्ना १५) उनीहरू एउटा सुन्दर मित्रतामा सँगै उभिएका हुन्थे । ख्रीष्टियानहरू उच्च किसिमको मित्रतामा हुन्छन् ।

यूहन्नाले उनको तेस्रो पत्र यसो लेख्दै पूरा गरेका छन्, "तिमीलाई शान्ति मिलोस् । सबै मित्रहरूबाट तिमीलाई अभिवादन । मित्रहरूलाई नाउँ लिएर अभिवादन देऊ" (३ यूहन्ना १५) । उनले उनको वरीपरी भएका खीष्टियानहरूलाई "मित्रहरू" भनेका छन्, र उनले जुन खीष्टियानहरूले त्यो पत्र पाउने थिए उनीहरूलाई "मित्रहरू" भनेका छन् । येशूले आफ्ना चेलाहरूलाई मित्रहरू भन्नुभएको थियो र यूहन्नालाई येशूको उदाहरण पछ्याउँदै यो शब्द प्रयोग गर्दा कुनै शंका थिएन । येशूले आफ्नो चेलाहरूलाई भन्नुभएको थियो,

> आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरु कसैको हुँदैन । म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गऱ्यौ भने, तिमीहरू मेरा मित्र हौ । अबदेखि म तिमीहरूलाई नोकर भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ नोकरले जान्दैन । तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरो पिताबाट सुनेँ, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु (यूहन्ना १५:१३-१५) ।

कसैले भनेका छन्, "एउटा मित्र त्यो हो जो अरु सबैले छोडी गए पनि तपाईको साथमा रहन्छ ।" येशू यस्तै प्रकारको मित्र हुनुहुन्छ । जब हामीलाई कसैले सहायता गर्न सक्दैनथ्यो, उहाँले हाम्रो निम्ति उहाँको जीवन अर्पण गर्नुभयो । खीष्टियानहरू एक-आपसमा यस्तै प्रकारको मित्र हुनुपर्दछ (१ यूहन्ना ३:१६) । खीष्टियानहरू "मित्रहरू" हुन् ।

पहिलो शताब्दीको मण्डलीलाई अक्सर गरेर "प्रभुका चेलाहरू" कोरुपमा (प्रेरित ९:१) अथवा सामान्यरुपमा "चेलाहरू" भनेर (प्रेरित ९:२६, ११:२६) उल्लेख गरिएको थियो । "चेला" भन्ने शब्दको अर्थ विद्यार्थी अथवा पछ्याउने हुन्छ, यसले खीष्टियान र उनको प्रभु बिचमा रहने निरन्तरको सम्बन्धलाई संकेत गर्दछ । एउटा चेला त्यो हो जसले आफूलाई उभन्दा महान कहाँ समर्पित गरेको हुन्छ, जसले एकजना महानबाट सिक्दछ, र त्यस्तो व्यक्ति जसले निरन्तर एकजना महानबाट निर्देशनहरू र नक्कलद्वारा सिक्न चाहन्छ । उ सुन्ने मात्र हुँदैन, उ सिक्ने, अध्ययन गरिरहने हुन्छ । उनको प्रभु उनको मालिक र शिक्षक हुनुहुन्छ (यूहन्ना १३:१३) ।

"चेला" भन्ने शब्द विशेष गरी सुसमाचारहरूमा प्रयोग गरिएको छ, तिनीहरूमा २३८ पल्ट देखापरेको छ । यो प्रेरितमा अठ्ठाइस पल्ट पाइन्छ, र यो पत्रहरू अथवा प्रकाशमा देखा परेको छैन । सम्भवत शब्दमाभएको त्यो स्पष्ट देखिने परिवर्तनमा जब हामी सुसमाचारबाट प्रेरित, प्रेरितबाट पत्रहरूमा जान्छौं, ख्रीष्टको पृथ्वीको शुरुको सेवाकाईको समयमा उहाँकोपछिलाग्नेहरूलाई उहाँसँगको नाताको कारणले "चेलाहरू" भनिएको पाउँदछौं ।पछि गएर, प्रेरितमा, पत्रहरू, र प्रकाशमा तिनीहरूलाई तिनीहरूको पवित्र बोलावटमा "सन्तहरू" अथवा एक आपसको सम्बन्धमा "दाजु-भाईहरू" भनिएको थियो ।

उहाँको स्वर्गारोहण हुनुभन्दाअघि उहाँका प्रेरितहरूलाई दिनुभएको महान-आज्ञामा, ख्रीष्टले आज्ञा गर्नुभएको थियो, "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिष्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु" (मत्ती २८:१९, २०) । यस तरिकाले, उहाँले "चेला" शब्दलाई निरन्तर प्रयोग गर्न दिनुभयो, यद्यपि यसलाई अक्सर गरेर नयाँ करारकोपछिल्लो खण्डमा भने देखिँदैन ।

एउटा चेला वचन पालन गर्ने हुन्छ । याकूबले भनेका छन्, "तर वचन पालन गर्ने होओ र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ …" (याकूब १:२२) । एउटा चेला एउटा विद्यार्थीभन्दा बढी हुन्छ, उ ख्रीष्टको नक्कल गर्ने, ख्रीष्टको एउटा अनुयायी हुन्छ ।

अर्को दृष्टिकोणबाट, नयाँ करारको मण्डलीलाई "परमेश्वरको मन्दिर" भनिएको छ । पावलले कोरिन्थमा भएका ख्रीष्टियानहरूलाई भनेका छन्, "के तिमीहरूलाई थाहा छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ र परमेश्वरका पवित्र आत्मा तिमीहरूमा वास गर्नुहुन्छ ?" (१ कोरिन्थी ३:१६) । मण्डली ख्रीष्टियानहरू भेलाभएको स्वरुपमा परमेश्वरको निम्ति एउटा वासस्थान हुन्छ । परमेश्वरको वासस्थान आज एउटा जीवित शरीर, मण्डली हो । व्यक्तिगत ख्रीष्टियानहरूलाई त्यसैकारण "सन्तहरू" भनिएको छ किनभने तिनीहरू सुसमाचारद्वारा पवित्र कामको र परमेश्वरको वासस्थान हुनको निम्ति अलग गरिएका हुन्छन् (१ कोरिन्थी १:२) ।

एउटा खण्डमा, नयाँ करारले मण्डलीलाई "पहिले जन्मेकाहरूको सभा" कोरुपमा उल्लेख गरेको छ (हिब्रू १२:२३) । मण्डलीले

भविष्यसँगको एउटा अद्भुत सम्बन्धलाई कायम राखेको हुन्छ किनभने मण्डलीका प्रत्येक सदस्यको "स्वर्गमा नाउँ दर्ताभएको" हुन्छ। ख्रीष्टले दिनुहुने अनन्त आसाको कारणले ख्रीष्टियानको भविष्यमा कुनै डर र त्रास साँचिएको हुँदैन । यस प्रकारका नामहरूले मण्डली के हो र मण्डलीले कसरी जिउनु पर्दछ भन्ने अन्तरदृष्टि प्रदान गर्दछन् । तिनीहरूले ख्रीष्टियानहरूलाई पृथ्वीमा कसरी जीवन बिताउनु पर्छ र कसरी उध्दारपाएकाहरू भविष्यमा परमेश्वरसँग हुनेछन् भनी भन्दछन्।

## निष्कर्ष

परमेश्वरले अब्रामको नाम आब्राहममा परिवर्तन गरिदिनुभएको थियो किनभने अब्राम अब उसो उनको निम्ति उपयुक्त थिएन । अब्रामलाई तिमी असंख्यका पिता हुनेछौ भनी भनिएको थियो (उत्पत्ति १७:५) । आब्राम नामको अर्थ "प्रशंसित पिता" हुन्छ । अब्राम अर्थपूर्ण नाम थियो, तर त्यसले भविष्यमा हुन लागेका अब्रामलाई प्रतिनिधित्व गर्न सक्दैनथ्यो । अब्राहम नामको अर्थ "असंख्यका पिता" हुन्छ, त्यो नाउँ ठीक थियो किनभने उनी मानिसहरूको एउटा जातिको पिता हुन लागेका थिए। परमेश्वरले अब्राहमलाई दिनुभएको नामको परमेश्वरको निम्ति र अब्राहमको निम्ति केही अर्थ थियो । त्यसै गरी, परमेश्वरले मण्डलीलाई दिनुभएको नामको पनि परमेश्वरको निम्ति केही अर्थ छ र तिनीहरू हाम्रो निम्ति पनि धेरै अर्थपूर्ण हुनुपर्दछ ।

नयाँ करारको मण्डलीलाई सम्बोधन गर्ने उपयुक्त तरिकाहरू छन् र तिनीहरूलाई प्रयोग गरिनु पर्दछ । हामीले बाइबलमा नभएका नामहरू मण्डलीको निम्ति प्रयोग गरेर यसको परिचयलाई अन्योलमा पार्दछौं । यदि एउटा मानिसहरूको समूह नयाँ करारको मण्डली हुन चाहन्छ भने, उनीहरूले त्यो नाम प्रयोग गर्नुपर्दछ जुन नयाँ करारमा दिइएको छ । एउटा मण्डलीले आफूलाई नयाँ करारको मण्डली भन्न सक्दछ र पनि नयाँ करारको मण्डली नहुन सक्दछ, तर यदि त्यो साँच्चै नयाँ करारको मण्डली हो भने, त्यसले स्वयम्लाई नयाँ करारको उपयुक्त भाषाले उल्लेख गर्नुपर्ने हुन्छ ।

आज परमेश्वरको मण्डली सुरु गर्ने प्रण यहाँसम्म कि सदस्यहरूले स्वयम्लाई नामकरण गर्ने र उल्लेख गर्ने कुराहरूबाट पनि देखाउनै पर्ने हुन्छ । परमेश्वरले मण्डलीको निम्ति प्रयोग गर्नुभएको नामहरू

मण्डलीको निम्ति प्रयोग गर्नु भनेको कम्तिमा पनि ती खीष्टियानहरू जसले तिनीहरूको जीवनमा परमेश्वरले उहाँको मण्डलीले जे गरेको चाहनुभएको छ त्यो हुने र गर्ने प्रयास गर्नु हो । जब खीष्टियानहरूले स्वयम्लाई त्यसरी सम्बोधन गर्दछन् जसरी परमेश्वरले मण्डलीलाई गर्नुभएको छ, तिनीहरूले आफूलाई सही मार्गमा लगाइरहेका हुन्छन्, त्यसतर्फ गइरहेका हुन्छन् जहाँ तिनीहरू गएको रभएको परमेश्वर चाहनुहुन्छ (हेर्नुहोस् परिशिष्ट ३) ।

## अभ्यासका निम्ति प्रश्नहरू

(उत्तरहरू परिशिष्ट १ मा छन्)

१. नयाँ करारमा मण्डलीसँगको सम्बन्धमा “राज्य” शब्दलाई कसरी प्रयोग गरिएको छ ?
२. पावलले किन मण्डलीलाई “खीष्टको मण्डलीको”रुपमा उल्लेख गरेका छन् ? अरु कुन नामहरूले मण्डलीको मालिकत्वलाई संकेत गर्दछन् ?
३. हामीले किन नयाँ करारमा मण्डलीका निम्ति दिइएका नामहरू प्रयोग गर्नुपर्दछ ?
४. जब हामीले मण्डलीलाई बाइबलले उल्लेख गरेअनुसार सम्बोधन गर्छौं भने के पूरा हुँदछ ?
५. किन मण्डलीलाई “परमेश्वरको घराना” भनिएको छ ?
६. “खीष्टियान” शब्दको आधारभूत अर्थ के हो ? जब कसैले खीष्टियान भएर जीवन जिउँछ भने उसले कसरी जीवन बिताइरहेको हुन्छ ?
७. फिलिप्पी १:२१ मा पावलले उनको जीवनलाई एक खीष्टियानकोरुपमा कसरी वर्णन गरेका छन् ?
८. “परमेश्वरको सन्तान” हुनुको अर्थ के हो ? परमेश्वरसँगको सम्बन्धमा यसका गुणहरू उल्लेख गर्नुहोस् ।
९. नयाँ करारमा “चेला” भन्ने शब्द कति पल्ट उल्लेख गरिएको छ ?
१०. एउटा चेलाको गुणहरू उल्लेख गर्नुहोस् ।
११. “सन्त” शब्दको आधारभूत अर्थ उल्लेख गर्नुहोस् । एउटा व्यक्ति कहिले एउटा “सन्त” हुँदछ ? एउटा सन्तका गुणहरू के के हुन् ?